# फोहोर क्यालेन्डर

आफ्नो क्षेत्रमा फोहोर सङ्कलन गरिने दिनको सम्बन्धित ठाउँहरूमा चिन्ह लगाई, राम्रोसँग देखिने ठाउँमा टाँसेर राख्नुहोस्।

ネパール語

घरायसी प्रयोजनको लागि



मासकट क्यारेक्टर "रिसा"

# स्रोत तथा फोहोरको वर्गिकरण र फोहोर फाल्न निकाल्ने तरिका

※पसल, रेष्टुरेण्ट, कार्यालय आदिबाट निस्केको व्यवसायजन्य फोहोर, टोल समितिको फोहोर सङ्कलन स्थानमा फाल्न पाईदैन।

※सङ्कलन गरिने दिनको बिहान ८:३० सम्ममा तोकिएको स्थानमा लगेर फोहोर राख्नुहोस्। ※सार्वजनिक बिदाको दिन पनि अन्य दिन जसरी नै सङ्कलन गरिन्छ। (वर्षको अन्त्य र नयाँ वर्षको सुरु बाहेक)।

## प्लास्टिकको कन्टेनर तथा प्याकेजहरू

फोहोर लगेर राख्ने स्थान

**वर्गिकरण फोहोर सङ्कलन स्थान**

हरेक हप्ता [ ] बार

**कप र प्याकहरू, प्लास्टिकको झोला र र्‍यापहरू, कुसनका सामाग्रीहरू, जालीहरू र नेट, खानेकुराको ट्रेहरू, बिर्कोहरू, सामान हालिएको कुरा (कन्टेनर) वा प्याक गरिएको कुरा (प्याकेज) जस्ता सामान उपभोग गर्दा र बिभाजन गरेको खण्डमा नचाहिने कुराहरू**

**फाल्न निकाल्ने तरिका**

- **तोकिएको फोहोर हाल्ने झोला (कालो अक्षर)** मा हालेर झोला बाँध्ने।
- **फोहोर कुराहरू पानीले पखालेर सुकाउने।**
- **सफा गर्न नसकिने कुराहरू "जलाउने फोहोर" को रूपमा निकाल्ने।**
- सिलहरू (मूल्य लेखिएको सिल आदि) त्यतिकै छोडिदिए हुन्छ।
- निर्णय गर्न गाह्रो हुने कुराहरूको (プラ) चिन्ह निश्चय गर्ने।

※ (プラ) चिन्ह भएको भएपनि "आगो र उच्च तापमानमा सावधान" भनेर लेखिएको स्प्रेका सामानहरूलाई **"खतराजनक फोहोर"** को रूपमा निकाल्ने।




**नष्ट गर्ने तरिका**
प्लास्टिकको सामान बनाउने सामाग्रीको रूपमा रिसाइकल गरिनेछ।

## स्रोतको दिन

फोहोर लगेर राख्ने स्थान

**स्रोत सङ्कलन स्थान**

सिधै त्यसको लागि राखिएको बास्केट वा सङ्कलन झोलामा हाल्नुहोस्। तोकिएको फोहोर फाल्ने झोला छैन।

हरेक महिना,

- [ ] पहिलो पटक [ ] बार
- [ ] दोस्रो पटक [ ] बार
- [ ] तेस्रो पटक [ ] बार
- [ ] चौथो पटक [ ] बार

जम्मा गरिएको स्रोत पुन: सामान आदि बनाउन प्रयोग गरिनेछ।

### सिसाको बोतल

**(खाद्य तथा पेय पदार्थ र कस्मेटिक्सको सामान हालिएका बोतलहरू)**

**इस्योबिन (१८००ml को बोतल), बियरको बोतल, अन्य (सिहुइड्, ड्रिन्क्स्, औषधि, भेजिटेबल ओइल, जाम, व्हिस्की आदि) खाद्य तथा पेय पदार्थका बोतलहरू, कस्मेटिक्सका बोतलहरू)**

**फाल्न निकाल्ने तरिका**

- अनिवार्य रूपमा बिर्को निकालेर, धातुको बिर्कोलाई **"धातु फोहोर"** र प्लास्टिकको बिर्कोलाई **"प्लास्टिकको कन्टेनर तथा प्याकेजहरू"** मा निकाल्ने।
- भित्र भएको कुरा निकाल्ने र हल्का पखाल्ने।
- फुटेको चिजहरूलाई **"गाड्ने फोहोर"** मा निकाल्ने।
- लेबल वा हटाउन नसकिने बोतलको मुखमा र हाल्ने ठाउँमा जडान गरिएको धातु त्यतिकै छोडेपनि हुन्छ।
- खाना पकाउने तेलको बोतलमा अलिअलि फोहोर बाँकी भए पनि हुन्छ।
- कस्मेटिक्सको बोतलको बिर्को, बोतल भित्रको स्टपर, पम्प आदि निकाल्ने।
- दूध रङ्गको सिसाको बोतल **"गाड्ने फोहोर"** मा निकाल्ने।




### ड्रिन्क्स क्यान

**जुस वा बियर जस्ता ड्रिन्क्सको आल्मुनियम क्यान र स्टिल क्यान**

**फाल्न निकाल्ने तरिका**

- बोतलमा प्रयोग गरिने बिर्को **"धातु फोहोर"** मा निकाल्ने।

※ **क्यान्ड फुडको क्यान, पेटफुडको क्यान र समथर हुने गरी कुच्च्याइएको ड्रिन्क्स क्यान "धातु फोहोर" मा निकाल्ने।**





### पेटबोतल

**PET मार्क भएको ड्रिन्क्स, मदिरा, सबै प्रकारका स्योयु, भिनेगर, अल्कोहलको मात्रा कम भएको मिरिन, नन्-ओइल ड्रेसिङ आदि हालिएका बोतलहरू**

**फाल्न निकाल्ने तरिका**

- बिर्को र लेबललाई **"प्लास्टिकको कन्टेनर तथा प्याकेजहरू"** मा निकाल्ने।
- हल्का पखालेर कुच्च्याउने।
- काटेको कुरा **"जलाउने फोहोर"** मा निकाल्ने।




### हानिकारक फोहोर

**ट्यूबलाइट (नफुटेको), चार्ज गर्न सकिने ब्याट्री, सामान्य ब्याट्री, बटन आकारको ब्याट्री (मर्करी 0 भएको ब्याट्री पनि), थर्ममीटर (मर्करी भएको थर्ममीटर पनि)**

**फाल्न निकाल्ने तरिका**

- ट्यूबलाइट र थर्ममीटर नफुटाउने। (फुटेकोलाई **"गाड्ने फोहोर"**को रूपमा निकाल्ने)

※ **चार्ज गर्न सकिने ब्याट्री र बटन आकारको ब्याट्री चाहिं घरायसी बिद्युतीय सामान बिक्री पसलमा पनि सङ्कलन गरिन्छ।**
※ **LED ट्यूबलाइट र LED चिम "धातु फोहोर" मा निकाल्ने।**
※ **चिम "गाड्ने फोहोर" मा निकाल्ने।**
※ **डिजिटल थर्ममीटर "धातु फोहोर" मा निकाल्ने।**



### खतराजनक फोहोर

**ग्यास लाइटर, स्प्रे क्यान, ग्यासको सानो सिलिन्डर**

**फाल्न निकाल्ने तरिका**

- **भित्र भएको सम्पूर्ण ग्यास प्रयोग गरेर सिद्धाउने।**
- स्प्रे क्यान, ग्यासको सानो सिलिन्डरमा **प्वाल पार्नु पर्दैन।**

※ **कार्बोनिक एसिड ग्यास सिलिन्डर "धातु फोहोर" मा निकाल्ने।**




## जलाउने फोहोर

फोहोर लगेर राख्ने स्थान

**वर्गिकरण फोहोर सङ्कलन स्थान**

हरेक हप्ता [ ] · [ ] बार

**काँचो फोहोर (बाँकी भएको भात, खाना बनाउँदा निस्केको तरकारीको टुक्राहरू आदि), कागजको डाइपर, टिस्यू पेपर, छालाका सामानहरू (ह्याण्ड ब्याग, बेल्ट आदि), प्लास्टिक मात्र प्रयोग गरी बनाइएका सामानहरू (बाटा, प्लान्टर, CD, दाँत माझ्ने ब्रस आदि), टेपहरू (भिडियो टेप, क्यासेट टेप आदि), जुत्ता आदि**

**फाल्न निकाल्ने तरिका**

- **तोकिएको फोहोर हाल्ने झोला (हरियो अक्षर)** मा हालेर झोला बाँध्ने।
- काँचो फोहोरको पानी निचर्ने।
- कागजको डाइपर र कृत्रिम मलद्वारको दिसा शौचालयमा बगाउने।
- तेम्पुराको तेललाई कपडा वा कागज आदिले सोस्ने। (कुनै-कुनै रिसाइकल सङ्कलन स्थानमा सङ्कलन गरिन्छ)




**नष्ट गर्ने तरिका**
तोगारी क्लिन सेन्टर र फुजीओका प्लान्टमा जलाएर नष्ट गरिनेछ।

## धातु फोहोर

फोहोर लगेर राख्ने स्थान

**वर्गिकरण फोहोर सङ्कलन स्थान**

हरेक महिना,
[ ] पहिलो पटक, [ ] दोस्रो पटक,
[ ] तेस्रो पटक, [ ] चौथो पटक. बुधबार

**धातुका सामानहरू (स्प्रे क्यान, भिडियो टेप, क्यासेट टेप जस्ता टेपका प्रकारहरू तथा फायर एक्सटीन्गुइसर बाहेक), घरायसी बिद्युतीय सामानहरू (ए. सी., टि. भि., फ्रिज तथा फ्रिजर, वासिङ मेसिन तथा कपडा सुकाउने ड्राएर आदि ४ बिद्युतीय सामानहरू र कम्प्युटर बाहेक), आल्मुनियम फोइल, धातु र प्लास्टिकको कम्बिनेसन सामान, कार्बोनिक एसिड ग्यास सिलिन्डर, ड्रिन्क्स क्यान बाहेकका क्यानहरू, LED चिम आदि**

**फाल्न निकाल्ने तरिका**

- **तोकिएको फोहोर हाल्ने झोला (निलो अक्षर)** मा हालेर झोला बाँध्ने।
- चक्कु जस्ता काट्ने चिजहरूलाई खतरा नहुने गरी कागज आदिमा बेरेर निकाल्ने।




**नष्ट गर्ने तरिका**
टुक्रा पारी धातु निकालेर, भवन निर्माण सामाग्री र फलामको सामान बनाउन रिसाइकल गरिन्छ।

## गाड्ने फोहोर

फोहोर लगेर राख्ने स्थान


**वर्गिकरण फोहोर सङ्कलन स्थान**

हरेक महिना,
[ ] पहिलो पटक, [ ] दोस्रो पटक,
[ ] तेस्रो पटक, [ ] चौथो पटक. बुधबार

**सेरामिक्सका भाँडाहरू, सिसाका सामानहरू (खाद्य तथा पेय पदार्थ र कस्मेटिक्सको सामान हालिएका बोतलहरू बाहेक), चिम, ग्लो स्टाटर, फुटेको ग्लो स्टाटर, फुटेको सिसाको बोतल, ऐना, म्याग्निफाइङ ग्लास, एक पटक प्रयोग गरेर फाल्ने हिटप्याक (खाइरो) आदि**

**फाल्न निकाल्ने तरिका**

- **तोकिएको फोहोर हाल्ने झोला (रातो अक्षर)** मा हालेर झोला बाँध्ने।
- फुटेको सिसालाई खतरा नहुने गरी कागज आदिमा बेरेर निकाल्ने।




**नष्ट गर्ने तरिका**
"ग्रिन · क्लिन फुजीनो ओखा" मा पुर्नको लागि प्रयोग गरी, नष्ट गरिन्छ।

## ठूलो आकारको फोहोर (सशुल्क)

**दराज, सोफा जस्ता फर्निचरहरू, साइकल आदि तोकिएको फोहोर हाल्ने झोलामा नआटाउने सामानहरू**



**आफैले लिएर जाने खण्डमा**
फोहोर बिभाजन वर्गिकरण अनुसार सिधै सम्बन्धित नष्ट केन्द्रमा लिएर जाने
※ठूलो आकारको फोहोर ढुवानीको लागि गाडि भाडामा दिइने सेवा उपलब्ध (सशुल्क)
सरसफाइ कार्य शाखा फोन: ७१-३००३

**फाल्न निकाल्ने तरिका**

① **सङ्कलन गरिने दिन भन्दा ३ दिन अगाडि (शनिबार र आइतबार बाहेक)** सम्ममा सङ्कलन केन्द्रमा फोन गरी भन्ने र नाम लेखाउने। (व्यस्त भएको बेला अपेक्षित दिनमा सङ्कलन गर्न नसकिन सक्छ।)

② ठेगाना, नाम, फोन नम्बर, अपेक्षित सङ्कलन दिन, ठूलो आकारको फोहोरको नाम र सङ्ख्या भन्नुहोस्।

③ सङ्कलन गरनि दनि, शुल्क र  नाम लेखाएको नम्बर तोक्ने। सामान अनुसार **६०० येन, ९०० येन र १२०० येन**, ३ तहका शुल्कहरू छन्।

④ शहर भित्रको कम्बिनीमा "ठूलो आकारको फोहोर विसर्जन शुल्क भुक्तानी कार्ड (सिल)" किनेर, ठूलो आकारको फोहोरमा टाँस्ने।

⑤ सङ्कलन गरिने दिनको बिहान ८:३० सम्ममा घर अगाडि निकालेर राख्ने (तपाई उपस्थित हुनु पर्दैन)।

**सङ्कलन केन्द्र**

**बिहान ९ बजेदेखि बेलुका ५ बजेसम्म, सोमबारदेखि शुक्रबारसम्म, (वर्षको अन्त्य र नयाँ वर्षको सुरु बाहेक)**

**फोन: २५-५३५३**

**※सङ्कलन गरिने समयको निर्देशन तथा घर सरेपछिको सङ्कलन गर्न सकिँदैन।. मोहरको लागि फिर्ती छैन**

### ठूलो आकारको फोहोर सङ्कलन गरिने दिन

| | |
|---|---|
| कोरोमो क्षेत्र | हरेक हप्ताको सोमबार, पहिलो बिहिबार, तेस्रो बिहिबार र पाचौ बिहिबार |
| खामिगो र ताकाओका क्षेत्र | पहिलो हप्तादेखि चौथो हप्तासम्मको मंगलबार, दोस्रो बिहिबार र  चौथो बिहिबार |
| सानागे क्षेत्र (होमी र इसिनो क्षेत्र पनि समावेश) | पहिलो हप्तादेखि चौथो हप्तासम्मको बुधबार |
| ताकाहासी र माचुदाइरा क्षेत्र | पहिलो हप्तादेखि चौथो हप्तासम्मको शुक्रबार |

※वर्षको अन्त्य र नयाँ वर्षको सुरु (डिसेम्बर २९ देखि जनावरी ३) मा सङ्कलन गरिनेछैन।

★ **फोहोर वर्‍गकिरण समबन्धी सोधपुछको लागि: टोयोटा शहर, वातावरण वभािग, फोन: ०५६५-७१-३००१**


2023.3
ネパール語